**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

स्थानीय राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ९ बबई, दाङ संख्याः ३ मितिः २०८२/०९/०६

**भाग-२**

**बबई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, हापुरे, दाङ

**बबई गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## बबई गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि २०८१,(दोस्रो संशोधन २०८२)

**(दोस्रो संशोधनवाट परिच्छेद ३ को दफा ३,९ र ११ संशोधन गरिएको र परिच्छेद ५ को खण्ड ३ झिकिएको)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बबई गाउँपालिकाको मिति २०८२।०९।०२ को गाउँ कार्यपालिकाले बबई गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि २०८१,(दोस्रो संशोधन २०८२) स्वीकृत गरेको छ।

# बबई गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि २०८१, (दोस्रो संशोधन २०८२)

**(दोस्रो संशोधनवाट परिच्छेद ३ को दफा ३,९ र ११ संशोधन गरिएको र परिच्छेद ५ को खण्ड ३ झिकिएको)**

**प्रस्तावनाः**

स्थानीय तहका विद्यालयलाई छिटो छरितो र क्षमतावान शिक्षक प्रदान गर्न यस बबई गाउँपालिकालाई आवश्यक शिक्षकहरुको व्यवस्थापन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी बबई गाउँपालिकाले बबई गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि २०८१जारी गरिएको छ।

## परिच्छेद-१ परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम 'बबई गाउँपालिकाको शिक्षक वैक व्यवस्थापन कार्यवधि, २०८१ रहेको छ।

ख) यो कार्यविधि बबई गाउँपालिका क्षेत्रभित्र लागू हुने छ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुने छ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "गाउँपालिका" भन्नाले बबई गाउँपालिका सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले बबई गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले बबई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ) "प्रमुख  प्रशासकीय अधिकृत भन्नाले बबई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ङ) "शाखा प्रमुख " भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुदशाखाको प्रमुखलाई सम्झनुपर्छ ।

च) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृतलाई सम्झनुपर्छ ।

छ) "स्रोत शिक्षक" भन्नाले गाउँपालिकाले स्रोत शिक्षकको रुपमा नियुक्त भएका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत स्रोतशिक्षकलाई सम्झनुपर्छ ।

ज) प्रधानाध्यापक भन्नाले" सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

झ) "शिक्षक भन्नाले" सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

ञ) "शिक्षक वैक" भन्नाले बबई गाउँपालिकाले गाउँपालिका भित्र सामुदायिक विद्यालयमा रहेको अस्थायी/करार/ गाउँपालिका अनुदान/संघीय अनुदान/बाविके शिक्षक रित्त शिक्षक अस्थायी/करार पदपूर्तिका साथै अतिरिक्त शिक्षक व्यवथापन गर्न बनाएको शिक्षक बैङकलाई जनाउँदछ।

## परिच्छेद-२

### शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य :

१) सामुदायिक विद्यालयमा रिक्त शिक्षक पद पूर्तिका लागि तत्काल अस्थायी/करारमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने।

२) सामुदायिक विद्यालयमा अतिरिक्त शिक्षक आवश्यकताको पूर्ति गर्ने।

३) सामुदायिक विद्यालयमा पठनपाठनका कार्यलाई निरन्तरता दिन आवश्यक शिक्षक व्यवस्थापनको लागि स्रोतको रूपमा कार्य गर्ने।

# परिच्छेद-३

## शिक्षक बैङ्क व्यवस्थापन विधि

१) सामुदायिक विद्यालयहरुमा रिक्त रहेको पद पूर्ति शीघ्र रुपले शिक्षक व्यवस्थापन गरिनेछ।

२) कम्तिमा १५ दिनको विज्ञापन गरी लिखित परीक्षा तथा अन्तवार्ताको माध्यमबाट शिक्षक बैङ्कका लागि शिक्षक छनौट गर्ने ।

३) बबई गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा रिक्त हुने सबै तहका करार, राहत, शिक्षण सिकाइ अनुदान, संघीय र पालिकाको स्रोतबाट व्यवस्थापन गरिएको शिक्षक सहजकर्ता पदमा समेत करारमा पदपूर्तिका लागि विद्यालयमा माग भई आएमा कार्यालयवाट शिक्षा विकास तथा समन्वय इकाइमा विज्ञापन गर्न अनुमतिका लागि सिफारिस गर्ने र अनुमति प्राप्त भएपछि कार्यालयवाट शिक्षक सेवा आयोगको करार सुचिमा रहेका उम्मेद्धारको लागि १५ दिने सूचना प्रकाशन गर्ने र सूचनाको म्याद भित्र निवेदन प्राप्त नभएमा शिक्षक वैकको सूचिमा रहेका व्यक्तिलाई सिफारिस गरी पठाउने।

४) शिक्षक छनोट गर्दा शिक्षण अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरूलाई शिक्षक बैंकमा सूचिकृत गर्ने ।

५) १८ वर्ष पूरा गरेका र ४० वर्ष ननाघेका उम्मेदवारहरुलाई शिक्षक बैंकमा सूचीकृत गर्ने।

६) शिक्षक बैंकमा सूचीकृत उम्मेदवारलाई विद्यालयको माग र शिक्षा, युवा तथा खेलकुद शाखाको अनुमतिका आधारमा अवधि तोकी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक पदमा करार गर्न सक्ने र प्रत्येक ६/६ महिनामा करार सम्झौता गर्ने

७) शिक्षक बैंकबाट खटिने शिक्षकलाई आवश्यकताका आधारमा बबई शिक्षक दरबन्दी मिलान समायोजन र प्र. अ व्यवस्थापन कार्यविधि २०८१ बमोजिम एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्थानान्तर वा खटाउन सकिने।

८) शिक्षक बैंकमा प्रकाशित योग्यताक्रमका आधारमा विद्यालयले शिक्षक करारमा प्राथमिकता दिने।

९) सवै तह र विषयका शिक्षक पदपूर्तिको लागि शिक्षक बैकं मार्फत १५ दिने सूचना प्रकाशन गर्ने। उक्त अवधिमा आवेदन प्राप्त नभएमा दोस्रो पटकको लागि ७ दिने सूचना प्रकाशन गर्ने उक्त अवधिमा पनि आवेदन प्राप्त नभएमा र आवेदन प्राप्त भई परीक्षामा सहभागि नभए वा सहभागि भएर पनि छनौट हुन नसकेमा पदपूर्तीका लागि सम्वन्धित विद्यालयलाई विज्ञापन गर्न अनुमति दिन सकिने छ ।

१०) दफा ९ वमोजिम परीक्षा सञ्चालन गर्दा शिक्षक बैकंको लागि पालिकामा सुचिकृत विज्ञवाट गराउनु पर्ने छ ।

११) दफा ९ र १० बमोजिम सम्वन्धित विद्यालयले विज्ञ छनौट गर्दा शिक्षा शाखा प्रमुख वा कार्यालयले खटाएको प्रतिनिधि र सम्वन्धित वडा अध्यक्षको रोहवरमा परीक्षा सञ्चालन हुनु पूर्व १ घण्टा अगाडि गोलाप्रथाद्धारा छनौट गर्नुपर्नेछ।

## परिच्छेद-४
## शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

१) नियुक्त भएका शिक्षकलाई तहगत रुपमा स्वीकृत दरबन्दीको हकमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तृतीय श्रेणीको शिक्षकको सुरू तलब स्केल बराबर हुन आउने रकम र गाउँपालिका अनुदान शिक्षकको हकमा गाउँपालिकाले व्यवस्था गरेर अनुसारको पारिश्रमिक प्रदान गर्न सक्ने छ ।

२) शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यरत शिक्षकको बबई शिक्षक दरबन्दी मिलान समायोजन र प्र. अ व्यवस्थापन कार्यविधि २०८१ बमोजिम दरबन्दी मिलानको सिलसिलामा मिलान गर्न सक्ने छ।

३) शिक्षक वैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक पेसागत विकासको अवसर उपलब्ध गराउन सक्ने।

४) यसरी नियुक्त शिक्षकले शिक्षा ऐन नियमावली बमोजिम बिदा पाउनेछन ।

## परिच्छेद-५
## छनौट तथा सिफारिस समिति

सामुदायिक विद्यालयमा रिक्त हुने वा भएका विभिन्न तहका करार, राहत, शिक्षण सिकाइ अनुदान( संघीय), बालवसकास सहजकर्ता, विद्यालय कर्मचारी लगायत पालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएका शिक्षक सहजकर्ता एवम् विद्यालय कर्मचारीहरूको पदपुर्तिको लागि शिक्षक बैंक निर्माण गरी विद्यालयलाई नियुक्तिको लागि सिफारिस गर्न देहाय वमोजिमको समिति रहनेछ।

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक
२. शिक्षा विकास तथा समन्वय इकाइको प्रतिनिधि -सदस्य
३. सूचना प्रविधि शाखा प्रमुख -सदस्य
४. सम्बन्धित विषयमा सूचीकृत विषय विशेषज्ञ मध्येबाट गाउँपालिकाको अध्यक्ष र सामाजिक विकास समितिको संयोजकको रोहबरमा परीक्षा सञ्चालन हुन भन्दा १ घण्टा पूर्व गोला प्रथाबाट छनौट गरेको दुई जना विशेषज्ञ -सदस्य
५. शिक्षा शाखा प्रमुख वा संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी - -सदस्य सचिव

## परिच्छेद-६
## शिक्षक बैंकको लागि सञ्चालन गरिने परीक्षाको पाठ्यक्रम

१) प्राथमिक तह, निमावि तह र माध्यमिक तहको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे वमोजिम नै रहनेछ।
२) विद्यालय सहायक कर्माचारी लेखापाल र बालविकास सहजकर्ता छनौटको पाठ्यक्रम अनुसूची -१ वमोजमि हुनेछ।
३) विद्यालय सहयोगी का.स.को छनौटको पाठ्यक्रम अनुसूचट्ट -२ वमोजमि हुनेछ।
४) सामुदायकि सिकाइ केन्द्रका परिचालकको पाठ्यक्रम अनुसूची -३ वमोजमि हुनेछ ।

## परिच्छेद-७ विविध

१) शिक्षक वैङ्कबाट नियुक्त गरिएको शिक्षकलाई बबई गाउँपालिकाको छनौट तथा सिफारिस समितिको सिफारिसका आधारमा सम्वन्धित विद्यालयले नियुक्ति दिइ काममा खटाउन सक्नेछ।

२) छनौट भएका शिक्षकको अवधि एक वर्ष हुनेछ। छनौट भएका शिक्षकको नामावली करार सूचीमा एक वर्षसम्म राखिनेछ ।

३) बबई गाउँपालिकाले आवश्यकताको आधारमा प्रत्येक वर्ष शिक्षक बैंकको लागि परीक्षा सञ्चालन गरी करारमा सुचीकृत गर्नेछ।

४) शिक्षक बैङ्कको सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको बैठकको निणर्यबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

५) कृषि प्राविधिकधार तर्फ बालीविज्ञान विषयको दोस्रो (विषयगत) परीक्षाको पाठ्यक्रम पछि शिक्षक बैक परीक्षा सञ्चालन पूर्व निर्धारण गरिनेछ ।

दोस्रो प्रमाणीकरण मितिः २०८२।०९।०२

आज्ञाले,
जोखिम वली
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची -१

क) विद्यालय सहायक (विद्यालय लेखापाल कर्मचारी) छनौट गर्दा परीक्षाको लागि लिईने लिखित परीक्षाको वस्तुगत परीक्षाको पाठ्यक्रमः-

| क.सं. | विषस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | विषस्तुको क्षेत्र | | |
| २ | नेपालको संविधानको (मौलिक हक सम्वन्धी) | २ | ४ |
| ३ | शिक्षा ऐन,२०८२ तथा शिक्षा नियमावली,२०५९ | २ | ४ |
| ४ | सामान्य तथा समसामयिक ज्ञान | ३ | ६ |
| ५ | नेपालको इतिहास तथा भूगोल | २ | ४ |
| ६ | नेपालको धर्म संस्कृति | २ | ४ |
| ७ | सूचना तथा संचार प्रविधि | ४ | ८ |
| ८ | कम्प्यूटर सम्बन्धी सामान्य ज्ञान | ५ | १० |
| | | २० | ४० |

(ख) विद्यालय सहायक कर्मचारी छनौट परीक्षाको लागि लिइने लिखित परीक्षाको विषयगत परीक्षाको पाठ्यक्रम

| क.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरुण क्षेत्र | प्रश्न संख्या | अंक भार |
|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | चिठ्ठी पत्र पत्राचार टिप्पणी रेकर्ड व्यवस्थापन पाइलिङ्ग कार्यालय संचारको महत्व | १ | १० |
| २ | लेखा प्रणाली | लेखा प्रणालीङ परिचय र महत्व दोहोरा लेखा प्रणाली नगद खाता तथा सोना नगद कोष नाफा नोक्सान हिसाव गोश्वरा भौचर सन्तुलन परीक्षण लेखापरीक्षण र यसको महत्व वासलात | १ | १० |
| ३ | व्यवस्थापन तथा मानव संशाधन व्यवस्थापन | व्यवस्थापनका सिद्धान्त र कार्यहरु व्यवस्थापनमा सूचना र कार्यप्रणालीको भूमिका बजेट परिचय सिद्धान्त र महत्व) मानव संशाधन व्यवस्थापनका उद्देश्यहरु कार्यविश्लेषण कर्मचारी तालिम र यसको महत्व | २ | २० |

| | | | | |
|---|---|---|---|---|
| ४ | आन्तरिक नियन्त्रण प्रणाली | जिन्सी व्यवस्थापन र महत्व स्थिर सम्पत्ति र ह्रासकट्टी | १ | १० |

ग) अन्तर्वार्ता प्रयोगात्मक प्रयोजनका लागि २५ पूर्णाङ्कलाई निम्नानुसार अङ्क प्रदान गर्ने

| क्र.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतीकरण क्षेत्र | | अंक भार |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १.न्यून्तम शैक्षिक योग्यताको अंक ३(प्रथम श्रेणी भए ३ र द्वितीय श्रेणी भए अंक २<br>२.माथिल्लो शैक्षिक योग्यताको अंक २ (प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए अंक १ | | ५ |
| २ | अन्तवार्ता वापत | समितिले दिने अंक ७५ प्रतिशत र ३५ प्रतिशत भन्दा वढी वा कम दिनु परेमा कारण खुलाउनु पर्ने छ । | | १५ |
| ३ | कम्प्यूटर सीप | नेपाली र अंग्रेजी टाईपिङ | | ५ |

३) विद्यालय सहायक बालविकास सहजकर्ता छनौटको पाठ्यक्रम

क) विद्यालय सहायक बालविकास सहजकर्ता छनौट गर्दा परीक्षाको लागि लिईने लिखित परीक्षाको वस्तुगत परीक्षाको पाठ्यक्रमः-

| क्र.सं. | विषस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | विषस्तुको क्षेत्र | | |
| २ | नेपालको संविधान २०७२ को (मौलिक हक सम्वन्धी) | २ | ४ |
| ३ | शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ | ३ | ६ |
| ४ | सामान्य तथा समसामयिक ज्ञान बबई पालिका समेत | ३ | ६ |
| ५ | बाल मनोविना | ५ | १० |
| ६ | विद्यालय शिक्षा र बाल विकास कार्यक्रम | २ | ४ |
| ७ | सूचना तथा संचार प्रविधि | २ | ४ |
| ८ | धार्मिक तथा एतिहासिक विषय बस्तु बबई समेतको | ३ | ६ |
| | | २० | ४० |

(ख) विद्यालय सहायक बालविकास सहजकर्ता छनौट परीक्षाको लागि लिइने लिखित परीक्षाको विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरुण क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|---|
| १ | बालविकास र मनोविज्ञान | अर्थ, महत्व, परिभाषा, विशेषताहरू विभिन्न विकासात्मक अवस्थाको कार्यहरू आदि। | २ | २० |
| २ | बबईको शैक्षिक अवस्था | बबईको शैक्षिक अवस्था साक्षरता बालविकास कार्यक्रम लगायत | १ | १० |
| ३ | बबईको सामाजिक र आर्थिक अवस्था | बबई खोलानाला, सम्पदा, धार्मिक महत्वको विषयहरू, उत्पादको क्षेत्र आदि । | १ | १० |
| ४ | एन, नियम, | पेसा प्रतिको ईमान्दारीता, आचर संहिता शिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने नीति नियम । | १ | १० |

ग) अन्तर्वार्ता प्रयोजनका लागि २० पूर्णाङ्कलाई निम्नानुसार अङ्क प्रदान गर्ने

| क्र.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरुण क्षेत्र | | अंक भार |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १.न्यूनतम शैक्षिक योग्यताको अंक ३(प्रथम श्रेणी भए ३ र द्वितीय श्रेणी भए अंक २<br>२.माथिल्लो शैक्षिक योग्यताको अंक २ (प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए अंक १ | | ५ |
| २ | अन्तवार्ता वापत | समितिले दिने अंक ७५ प्रतशतर ३५ प्रतिशत भन्दा वढी वा कम दिनु परेमा कारण खुलाउनु पर्ने छ । | | १५ |

विद्यालय साहायक विद्यालय लेखापाल र बालविकास सहजकर्ताको लागि लिईने परीक्षामा वस्तुगत र विषयगत परीक्षाको नतिजा ४० प्रतिशत अंक प्राप्त गर्ने परीक्षार्थीलाई मात्र अन्तर्वार्ताको परीक्षा सञ्चालनमा सहभागि गराईनेछ, साथै बस्तुगत परीक्षाको गलत प्रश्नको उत्तर नमिल्दा अंक कट्टी गरिने छैन।

# अनुसूची-२

## विद्यालय सहयोगी पदपूर्तिका लागि लिईने परीक्षाको पाठ्यक्रम

क) लिखित (बस्तुगत र विषयगत परीक्षाको पाठ्यक्रम)

| क्र.स. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरण क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|---|
| १. | वस्तुगत प्रश्न | नेपालको संविधानको (मौलिक हक सम्वन्धी, सामान्य ज्ञान, बबइ गाउँपालिकाको सामान्य जानकारी, विद्यालय सहयोगी कर्मचारीको काम कर्तव्य सेवा शर्त सम्वन्धी) | १० | १० |
| २. | क.विषयगत (सेवासंग सम्वन्धी छोटा प्रश्न र शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९संग सम्वन्धित छोटा प्रश्न) | विद्यालय तथा कक्षा कोठाको सरसफाइ र विद्यालय सहयोगी कर्मचारीको काम, कर्तब्य, तथा खाजाका परिकार पकाउने तरिका सेवा शर्त सम्वन्धी<br>शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ | ६ | ३० |
| | ख.गणित /हिसाव सम्वन्धि | जोड/घटाउ/भाग/गुणन | २ | १० |
| | | | १८ | ५० |

ख) अन्तर्वार्ता प्रयोजनका लागि २० पूर्णाङ्कलाई निम्नानुसार अङ्क प्रदान गर्ने

| क्र.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरुण क्षेत्र | | अंक भार |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १.न्यून्तम शैक्षिक योग्यताको अंक ३(प्रथम श्रेणी भए ३ र द्वितीय श्रेणी भए अंक २<br>२.माथिल्लो शैक्षिक योग्यताको अंक २ (प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए अंक १ | | ५ |

| | | | | |
|---|---|---|---|---|
| २ | अन्तर्वार्ता वापत | समितिले दिने अंक ७५ प्रतशतर ३५ प्रतिशत भन्दा वढी वा कम दिनु परेमा कारण खुलाउनु पर्ने छ । | | १५ |
| ३ | कम्प्यूटर सीप | नेपाली र अंग्रेजी टाईपिङ | | ५ |

विद्यालय सहयोगिको वस्तुगत र विषयगत परीक्षाको नतिजा ४० प्रतिशत अंक प्राप्त गर्ने परीक्षार्थीलाई मात्र अन्तर्वार्ताको परीक्षा सञ्चालनमा सहभागि गराईनेछ, साथै बस्तुगत परीक्षामा प्रश्न नमिल्दा अंक कट्टी गरिने छैन।

# अनुसूची-३

# सामुदायिका सिकाइ केन्द्रको परिचालिका छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम

## क) वस्तुगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषयवस्तु क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| | वस्तुगत प्रश्न | २० | ४० |
| १. | समसामयिक घटनाक्रम स्थानीय परिवेश समेत | ४ | ८ |
| २. | स्थानीय महत्वका विषयवस्तु शिक्षा सँग सम्बन्धित | ४ | ८ |
| ३ | शिक्षा ऐन नियमावली र नेपालको संविधान २०७२ मौलिक हक सँग सम्बन्धित | ५ | १० |
| ४ | शिक्षा मनो विज्ञान | २ | ४ |
| ५ | अनौपचारिक शिक्षा बैकल्पिक शिक्षा साक्षरता शिक्षा र जिवनपर्यन्त सिकाइ | ५ | १० |

## (ख) सामुदायिका सिकाइ केन्द्रको परिचालिका छनौटका लागि लिइने विषयगत परीक्षाको पाठ्यक्रमः-

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|---|
| १ | संविधान ऐन, नियम कानुन | नेपालको संविधान २०७२, शिक्षा ऐन २०२८, नियमावली २०५९,स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सहजकर्ताको काम कर्तव्य अधिकार सम्बन्धी समेत | १+१ | ५+५= १० |
| २ | स्थानीय विषयवस्तु | स्थानीय महत्वका विषयवस्तु धार्मिक साँस्कृतिक शैक्षिक अवस्था पालिकाको साक्षरता को अवस्था लगायत | १ | १० |
| ३ | बालमनोविज्ञान | मनोविज्ञानको परिचय अर्थ वृद्धि र विकासको फरक विकासात्मक अवस्थाको विशेषता | १ | १० |
| ४ | वैकल्पिक शिक्षा | साक्षरता प्रौढ शिक्षा कार्यक्रम खुला शिक्षा दुरदर्शिता को परिचय र महत्व फाइदा आदी | २ | २० |
| ५ | स्थानीय शिक्षा | बबईको शैक्षिक अवस्था गतिविधी साक्षरता निरक्षरता विद्यालय लगायत | १ | १० |
| | | | ६ | ६० |

ग)अन्तर्वार्ता प्रयोजनका लागि २५ पूर्णाङ्कलाई निम्नानुसार अङ्क प्रदान गर्ने

| क्र.सं. | विषयवस्तु क्षेत्र | विषस्तुको विस्तृतिकरुण क्षेत्र | | अंक भार |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १.न्यून्तम शैक्षिक योग्यताको अंक ३(प्रथम श्रेणी भए ३ र द्वितीय श्रेणी भए अंक २<br>२.माथिल्लो शैक्षिक योग्यताको अंक २ (प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए अंक १ | | ५ |
| २ | अन्तवार्ता वापत | समितिले दिने अंक ७५ प्रतशतर ३५ प्रतिशत भन्दा वढी वा कम दिनु परेमा कारण खुलाउनु पर्ने छ । | | २० |
| ३ | कम्प्यूटर सीप | नेपाली र अंग्रेजी टाईपिङ | | ५ |

सामुदायिक सिकाइकेन्द्रका परिचालिकको पहिलो बस्तुगत परीक्षा र विषयगत परीक्षामा ४० प्रतिशत अंक ल्याउने सहभागिलाई मात्र अन्तर्वार्ताको परीक्षामा सहभागि बनाईनेछ, साथै बस्तुगत परीक्षामा प्रश्न नमिल्दा अंक कट्टी गरिने छैन।